## आर्थिक वर्ष २०८१/८२ प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालगबाट स्थानीय तहहरुमा वित्तिय हस्तान्तरण मार्फत सशर्त अनुदान कार्यक्रम संचालन सम्बन्धी मार्गदर्शन

आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रकाशित कार्यक्रम र परियोजना अनुसार बजेट विनियोजन (कार्यक्रम पुस्तिका) आ.व २०८१/८२ को स्थानीय तहमा वित्तिय हस्तान्तरण सशर्त अनुदान तर्फ स्वीकृत कार्यक्रममा उल्लेख भएको कार्यक्रम संचालन गर्दा तपशिल अनुसार शर्तहरु पालन गर्नु पर्नछ।

तपशिल

१. सशर्त अनुदानको कार्यक्रम संचालन गर्दा स्थान तथा सेवाग्राही छनौट गर्नु पर्ने भएमा सम्बन्धित स्थानीय तहको प्रचालित नियम / कानुन अनुसार गर्नुपर्नेछ।

२. कार्यक्रम संचालन सम्बन्धमा प्रदेश सरकार जिल्लामा स्थित कृषि ज्ञान केन्द्र / भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसँग आवश्यक प्राविधिक सहयोग माग तथा समन्वय गर्नुपर्नेछ।

३. कार्यक्रम संचालन स्थलमा प्रदेश सरकार र स्थानीय सरकारको लागत सहभागिता रकम सहित खुलेको होडिङ्ग वोड अनिवार्य रुपमा राख्नु पर्नेछ।

४. सशर्त अनुदानको रकमबाट समाजिक परिचालक तथा प्राविधिक राख्न, भ्रमण भत्ता/ अन्य भत्ता, मसलन्द लगायतका साधारण खर्चहरुमा प्रयोग गर्न पाईने छैन।

५. सशर्त अनुदानको रकम अन्य अनुदान तथा श्रोतबाट संचालनमा रहेका आयोजनामा दोहोरो पर्ने कार्यहरुमा खर्च गर्न पाईने छैन।

६. सशर्त अनुदानबाट संचालन गरिने कार्यक्रमहरुमा स्थानीय तह वा सम्बन्धित लाभग्राहीको तर्फबाट अनिवार्य रुपमा न्यूनतम पच्चीस प्रतिशत लागत सहभागिता समावेश गर्नुपर्नेछ।

७. कार्यक्रम संचालन गर्दा कुनै प्रकारका कृषि उत्पादन सामाग्री तथा औजर, यन्त्र तथा उपकरण खरिद, पुर्वाधार संरचाना निर्माण गर्नुपरेमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार खरिद गर्नुपर्नेछ।

८. सशर्त अनुदानबाट संचालन गरिने कार्यक्रमहरुबाट स्थायी प्रकृतिका सार्वजनिक प्रयोजनामा आउने पुर्वधारहरु कृषि/ पशुपन्छी बजार, कृषि हाट निर्माण, पशु अस्पताल लगायत आदि निर्माण गर्नु परेमा सार्वजनिक जग्गा वा सहकारीको नाममा दर्ता रहेको जग्गामा मात्र निर्माण गर्ने गराउनु पर्नेछ।

९. स्थानीय तहले सशर्त अनुदानबाट संचालन गर्ने योजना सम्पन्न आ.व २०८१/८२ असार मसान्त सम्म सम्पन्न गरि हिसाब फरफारक गर्नुपर्नेछ। सो अवधि भित्र योजना सम्पन्न नभएमा बाँकि कार्यका लागि उद्योग कृषि तथा सहकारी मन्त्रालयबाट अर्को आर्थिक वर्षमा थप बजेटको व्यवस्था गरिने छैन।

१०. सशर्त अनुदानबाट संचालित आयोजना/कार्यक्रमको उद्देश्य अनुरुप संचालन नभएमा, काममा आवश्यक गुणस्तर नदेखिएमा, समयमा कार्य सम्पन्न हुने नदेखिएमा वा कुनै कारणले आयोजना/कार्यक्रम कार्यान्वयनमा कुनै सुधार गर्नुपर्ने देखिएमा मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना सम्बन्धित स्थानीय तहले अनिवार्य रुपमा गर्नुपर्नेछ।

११. सम्बन्धित कार्यक्रम सम्बद्ध प्राविधिक मापदण्डहरु यसै साथ समावेश गरिएको छ। कार्यक्रम संचालन गर्दा आवश्यकता अनुसार नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय र कोशी प्रदेश उद्योग कृषि तथा सहकारी मन्त्रालयबाट प्रकाशित प्राविधिक र आर्थिक मापदण्ड तथा कृषि प्रसार कार्यक्रम सञ्चालन नर्मस, २०७९ र पशुपन्छी प्रसार कार्यक्रम सञ्चालन नर्मस, २०७० का प्राविधिक मापदण्डलाई समेत आधार मान्न सकिनेछ।

१२. कार्यक्रमको लक्षित वर्ग किसान/किसान समूह /सहकारी/ निजी उद्यमी/ एकल महिला/ दलित /विपन्न वर्ग युवालाई प्राथमिकता दिनुपर्नेछ ।

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल

प्रदेश सचिव

मुख्यमन्त्री

## कार्यक्रम अनुसारको प्राविधिक मापदण्ड

### १. पशुपन्छीको खोपका लगि लजिष्टिक खरिद तथा प्राविधिक पारिश्रमिक खर्च

यस कार्यक्रम अन्तर्गत पशुपन्छीको खोपका लागि आवश्यक पर्ने व्यवस्थापकिय सामाग्री खरिद (सिरिन्ज, निडाल लगायत आवश्यक लजिस्टिकहरु), पशुपन्छीलाई खोप लगाउने प्रविधिकको पारिश्रमिक र खोप कार्ड छपाई आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ। खोप कार्यक्रम राष्ट्रिय खोप कार्यक्रम कार्यतालिका अनुसार अभियानको रुपमा संचालन गरी साप्ताहिक रुपमा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्रमा रिपोर्टिङ्ग गर्नुपर्नेछ।

### २. भेडा/चौरी/ व्यवसाय प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत भौगोलिक संभाव्यता अनुसार भेडा/चौरी/ व्यवसाय प्रवर्द्धनका लगि देहाय अनुसारका क्रियाकलापहरु संचालन गर्न सकिनेछ।

(क) गोठ तथा घुम्ती गोठ सुधार,

(ख) चरन खर्क सुधार, झाडी बुट्यान तथा विषालु झारपात व्यवस्थापन,

(ग) चरन क्षेत्रमा बाटो काठेपुल गोरेटो निर्माण,

(घ) चरन क्षेत्रमा पिउने पानीको व्यवस्थापन तथा मुहान संरक्षण,

(ङ) ब्याडका लागि भेडा/थुमा वा याक खरिद

(च) चौरीको दुध संकलन, ढुवानी, प्रसोधन तथा बजारिकरण

(छ) उन तथा उनजन्य उत्पादन विविधिकरण र बजारिकरण

(ज) आन्तरिक परजिवी नियन्त्रण

### ३. छुर्पी प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत भौगोलिक संभाव्यता अनुसार छुर्पी उत्पादन प्रवर्द्धन गर्न निम्न अनुसारका क्रियाकलापहरु संचालन गर्न सकिनेछ।

(क) छुर्पी उत्पादनका लागि क्रिम सेपरेटर, ब्याच पास्चुराईजर/स्टिम बोईलर, मिल्क एनालईजर, छुर्पी प्रेस लगायत अन्य भाँडाकुडा खरिद

(ख) छुर्पी उत्पादन सम्बद्ध भौतिक पुर्वाधार निर्माण

(ग) छुर्पी प्याकेजिङ्ग तथा ब्रान्डिङ्ग सम्बन्धी औजार तथा व्यवस्थापकिय सामाग्री खरिद

### ४. बाख्रा पालन प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तरगत उन्नत प्रविधि अवलम्बन गरी बाख्रापालनका लागि खोर निर्माण/सुधार, उन्नत जातको बोका/पाठी खरिद तथा ढुवानी, फार्मको जैविक, व्यवस्थापन सम्बन्धी कार्य, डिपिङ्ग टयाङ्क निर्माण, साईलेज उत्पादन सम्बन्धी पुर्वाधार निर्माण र यन्त्र उपकरण खरिद, फार्म व्यवस्थापन सम्बन्धी औजार उपकरण खरिद, उत्पादित बाख्राको बजारिकरण सम्बद्ध क्रियाकलापहरु संचालन गर्नु पर्नेछ । यो कार्यक्रम स्थानीय तहले आफ्नो स्थानीय तहको निश्चित क्षेत्र वा क्लस्टर तोकेर संचालन गर्नुपर्नेछ ।

प्रदेश सरकार कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

मुख्यमन्त्री

५. दुध चिस्यान केन्द्र निर्माण / चिलिङ्ग भ्याट जडान

यस कार्यक्रम अन्तर्गत दुध चिस्यान केन्द्रका लागि दुध संकलन क्षमताका आधारमा उपयुक्त चिलिङ्ग भ्याट,बोईलर, पास्चुराईजर, मिल्क एनलाईजर, जेनेरेटर तथा अन्य एक्सेसरी सामान खरिद गरि जडान गर्नुपर्नेछ । चिलिङ्ग भ्याट जडानका लागि टहरो समेत निर्माण गर्न सकिनेछ ।

६. व्यवसायिक गाई/भैसीपालन प्रवर्द्धन/ व्यवसायिक पशुपालन प्रवर्द्धन

यस कार्यक्राम अन्तर्गत उन्नत प्रविधि अवलम्बन गरी गाई/भैसीपालनका लागि गोठ निर्माण सुधार, उन्नत जातको गाई/भैसी/राँगो खरिद तथा ढुवानी, फार्मको जैविक व्यवस्थापन सम्बन्धी कार्य साईलेज उत्पादन सम्बन्धी पुर्वाधार निर्माण र यन्त्र उपकरण खरिद, घाँसको बीउ तथा सेटस खरिद, फार्म व्यवस्थापन सम्वन्धी औजार उपकरण खरिद, उत्पादित दुधको बजारिकरण र विविधिकरण सम्बद्ध क्रियमकलापहरु संचालन गर्नुपर्नेछ। यो कार्यक्रम स्थानीय तहले आफ्नो स्थानीय तहको निश्चित क्षेत्र वा क्लस्टर तोकेर संचालन गर्नुपर्नेछ ।

७. नश्ल सुधारका लागि उन्नत राँगो खरिद कार्यक्रम

यस कार्यक्रम अन्तरगत स्थानीय तहले नश्ल सुधारको लागि उन्नत जातको राँगव खरिद गर्नुपर्नेछ । खरिद गर्ने राँगोको न्यूनतम मापदण्ड कोशी प्रदेशको पशुपन्छी प्रसार कार्यक्रम सञ्चालन नर्मस, २०७९ मा प्रजननयोग्य साँढेको न्यूनतम मापदण्डमा उल्लेख भए अनुरुपको हुनुपर्नेछ ।

८. पशु अस्पताल निर्माण

यस कार्यक्रम अन्तर्गत स्थानीय तहले आफ्नो क्षेत्रभित्र पशुपन्छीको प्राथमिक उपचारका लागि पशु अस्पताल निर्माण गर्नु पर्नेछ । पशु अस्पताल स्थानीय तहको आफ्नै वा सार्वजनिक जग्गामा स्थापना गर्नुपर्नेछ । पशु अस्पतालमा आवश्यक यन्त्र उपकरणसहित उपचार कक्ष, रोग निदान कक्ष (परजिवी परीक्षण, रगत परीक्षण काल्चर परीक्षण, माईक्रोवायोलोजिकल परीक्षण सेवा सहित), पोस्ट मार्टम कक्ष, निर्मलिकरण (Sterilization) कक्ष र बायोलोजिकल पिट जस्ता पुर्वाधारहरु अनिवार्य रुपमा समावेश हुनुपर्नेछ। पशु अस्पताल निर्माण पुर्व स्थानीय तहले तयार गरेको पशु अस्पतालको डिजायनमा न्यूनतम पुर्वाधार र यन्त्र उपकरण समावेश भए नभएको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट सहमति लिएर मात्र निर्माण कार्य अघि बढाउनुपर्नेछ।

९. गौशाला निर्माण/गौशालामा गाई गोठ निर्माण/ गौशलामा प्राङ्गारीक मल उत्पादन पुर्वाधार निर्माण

गौशाला निर्माण कार्यक्रम अन्तर्गत गौशालामा गाईको लागि गोठ निर्माण/ सुधार, गोबर व्यवस्थापन पिट निर्माण तथा प्राङ्गारीक मल उत्पादन सम्बेन्धी पुर्वाधार र यन्त्र उपकरण खरिद तथा जडान सम्बद्ध कियाकलापहरु संचालन गरी प्राङ्गारीक मल उत्पादन गरि स्थानीयहरुलाई सहुलियत दरमा बिक्री वितरण गर्नुपर्नेछ।

१०. डेरी उद्योग प्रवर्द्धन कार्यकम

यस कार्यक्रम अन्तर्गत स्थानीय तहमा रेहका डेरी डेरी उद्योगको दुध र दूग्ध पदार्थ संकलन, प्रसोधन, भण्डारण र बजारिकरण सम्बन्धी पुर्वाधार निर्माण, यन्त्र उपकरण, दुध दुवानी साधन खरिद लगायतका क्रियाकलापहरु संचालन गरी डेरी उद्योगको प्रवर्द्धन गर्न सकिनेछ ।

प्रदेश सरकार कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

मुख्यमन्त्री

## ११. बंगुर पालन प्रर्वद्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत स्थानीय तहले बंगुरपालनका लागि आवश्यक खोर निर्माण, बंगुरका पाठापाठी खरिद, दाना बनाउने मेशिन खरिद तथा अफ्रिकन स्वाईन फिभरका कारण क्षति पुगेका बंगुर फार्म पुनस्थापना लागि किसानहरुको माग अनुरुपका अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

## १२. पशु बधस्थल तथा माछामासु विक्रीकेन्द्र निर्माण

यस कार्यक्रम अन्तर्गत स्थानीय बजारमा पशु बधस्थल तथा माछामासु विक्रीकेन्द्र निर्माणमा खर्च गर्नुपर्नेछ । बधस्थल निर्माण गर्दा पशुबधशाला र मासु जाँच प्राविधिक निर्देशिका, २०६४ मा उल्लेखित पशु बधस्थल सम्बन्धी न्यूनतम पुर्वाधारहरु समावेश गर्नुपर्नेछ। बधस्थल निर्माण सार्वजनिक जग्गा वा पालिकाको स्वामित्वमा रहेको जग्गामा गर्नुपर्नेछ।

## १३. पशु अस्पतालका प्रयोगशाला उपकरण खरिद

यस कार्यक्रम अन्तर्गत स्थानिय तह आफैले संचालन गर्ने पशु अस्पतालको प्रयोगशालाका लागि आवश्यक यन्त्र उपकरणहरु खरिद तथा जडान गर्ने सकिनेछ।

## १४. पशुपालन सम्बद्ध यान्त्रिकरण कार्यक्रम

यस कार्यक्रम अन्तर्गत भौगोलिक अवस्था र स्थानीय आवश्यकता अनुसार पशुपालन लागि आवश्यक दाना बनाउन कम्वाईन मिल, घाँस काटने ट्री प्रुनर, हाते चाफ कटर, मोटर सहितको चाफ कटर, मिनि टिलर, कर्न सेलर, लगायतका यन्त्र, उपकरण खरिद तथा वितरण गर्ने सकिनेछ।

## १५. खोरेत रोग नियन्त्रणका लागि चेकपोष्ट व्यवस्थापन

यस कार्यक्रम अन्तर्गत बाहिरी जिल्ला वा स्थानिय तहहरुबाट पशु आवतजावत तथा ओसारपसार हुने स्थान वा नाकाहरुमा आवश्यकता अनुसार चेकपोष्ट व्यवस्थापनका लागि निम्न कार्य गर्न सकिनेछ।

(क) चेकपोष्ट तथा क्वारेन्टाइन स्थलका लागि अस्थाई संरचना निर्माण,

(ख) चेकपोष्टका लागि आवश्यक सामग्रीहरु खरिद (फर्निचर,यन्त्र उपकरण, स्टेशनरी आदि)।

(ग) स्वयंसेवकको पारिश्रमिक तथा निगरानी समूहको बैठक खर्च।

## १६. जोनिङ क्षेत्र तथा बफर जोनमा जैविक सुरक्षा तथा असल पशु पालन अभ्यास सम्बन्धी तालिम

यस कार्यक्रम अन्तर्गत मन्त्रालयबाट स्वीकृत पाठ्यक्रम अनुसार भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसंग समन्वय गरी ३ दिनको जैविक सुरक्षा तथा असल पशु पालन अभ्यास सम्बन्धी तालिम सञ्चालन गर्नुपर्नेछ । तालिममा सहभागिहरु गाईभैसी/बंगुर/बाखा पालन गर्ने किसान, पशु ओसारपसार तथा ढुवानी गर्ने व्यक्ति, हाट बजारमा पशुको कारोबार गर्ने व्यक्तिहरु हुनेछन्। तालिम सन्चालन गर्दा स्थानीय सरकारको प्रचलित नियमानुसार खर्च गर्नुपर्नेछ ।

## १७. च्याउ उत्पादन प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत भौगोलिक क्षेत्र अनुसार कन्ये वा गोब्रे वा सिताके च्याउ उत्पादन सम्बद्ध पुर्वधार निर्माण तथा यन्त्र उपकरण तथा सामाग्री खरिद, च्याउको बीउ खरिद र उत्पादित च्याउ बजारिकरण सम्बन्धि कियाकलापहरु संचालन गर्न सकिनेछ ।

प्रदेश सरकार, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, विराटनगर, नेपाल



प्रदेश सचिव

मुख्यमन्त्री

१८. मौरी पालन प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत माहुरीको उन्नत घार, माहुरीको गोला, मह उत्पादन, मह प्रसोधन/प्याकेजिङ्ग र बजारिकरण सम्बद्ध यन्त्र उपकरण खरिद, मौरी चरनको क्षेत्र विस्तार तथा संरक्षण आदि कियाकलापहरु संचालन गर्न सकिनेछ।

१९. उखु खेति प्रवर्द्धन तथा सख्खर उत्पादन कार्यकम

उखु खेती प्रबर्द्धन अन्तर्गत पहाडी क्षेत्रमा उत्पादन हुने उखु खेतीको क्षेत्र विस्तारका लागि उत्पादन सामाग्री, यन्त्र उपकरण तथा सिचाई व्यवस्थापन सम्बन्धी कियाकलापहरु संचालन गर्न सकिनेछ। सख्खर उत्पादन कार्यक्रम तर्फ उखु पेल्ने आधुनिक यन्त्र उपकरण खरिद, गुणस्तरीय सख्खर उत्पादन, प्रसोधन, ब्राण्डिङ्ग बजारिकरण सम्वद्ध क्रियाकलापहरु संचालन गर्न सकिनेछ।

२०. कोदो खेती प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत उन्नत जातको कोदोको बीउ खरिद प्रति क्लस्टर न्यूनतम एउटा कोदो चुटने तथा पिसने मेशिन, कोदो प्याकिङ्ग तथा ब्रान्डिङ्ग सम्बन्धी औजार तथा व्यवस्थापकीय सामाग्री खरिद तथा वितरण गर्न सकिनेछ। प्रति किसान न्यूनतम २ रोपनीको दरले २० रोपनीको क्लस्टरमा कार्यक्रम संचालन गर्नुपर्नेछ।

२१. रैथाने बाली संरक्षण, प्रवर्द्धन र बजारिकरण कार्यकम

यस कार्यक्रम अन्तर्गत कोदो, फापर, जौ, उवा, मास, गहत, मस्याम लगायत स्थानीय स्तरमा उपलब्ध अन्य रैथाने बाली उत्पादन गर्न सकिनेछ । कार्यक्रममा रैथाने बालीको बीउ संरक्षण, भण्डारण, बाली प्रसोधन प्याकिङ्ग तथा ब्राण्डिङ्ग सम्बन्धी पुर्वाधार निर्माण, यन्त्र उपकरण खरिद र जडान सम्वन्धि क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ । उत्पादित तथा प्रसोधित रैथानेबालीको संकलन तथा अन्यत्र ठुला बजारहरुमा लैजान ढुवानी साधनको व्यवस्था र रैथानेबालीको परिकार विविधिकरणका लागि तालिमको समेत व्यवस्था गर्न सकिनेछ ।रैथाने बाली न्यूनतम २० रोपनीको क्लस्टरमा कार्यक्रम संचालन गर्नुपर्नेछ ।यसरी तयार भएका रैथानेवालीको परिकारहरु स्थानीय तहले आफ्नो कार्यालयहरुमा हुने कार्यक्रमहरुमा तथा सामुदायिक विद्यालयहरुमा दिवाखानाको रुपमा प्रयोग गर्नुपर्नेछ ।

२२. रैथाने बाली प्रवर्द्धन कार्यकम

यस कार्यक्रम अन्तर्गत कोदो, फापर, जौ, उवा, मास, गहत, मस्याम लगायत स्थानीय स्तरमा उपलब्ध अन्य रैथाने बाली उत्पादन गर्न सकिनेछ ।कार्क्रममा रैथाने बालीको बीउ खरिद, प्रति क्लस्टर न्यूनतम एउटा प्रसोधन गर्ने मेशिन, प्याकिङ्ग तथा ब्राण्डिङ्ग सम्बन्धी औजार, व्यवस्थापकीय सामाग्री खरिद तथा रैथानेबालीको परिकार बिबिधिकरण सम्बन्धी तालीम सञ्चालन गर्न सकिनेछ । रैथाने बाली न्यूनतम २० रोपनीको क्लस्टरमा कार्यक्रम संचालन गर्नुपर्नेछ ।रैथानेवालीको परिकारहरुलाई स्थानीय तहले आफ्नो कार्यालयहरुमा तथा सामुदायिक विद्यालयहरुमा दिवाखानाको रुपमा प्रयोग गर्नुपर्नेछ ।

२३. आलु खेती प्रवर्द्धन कार्यक्रम /बीउ आलु उत्पादन प्रवर्द्धन कार्यक्रम

आलुखेती प्रवर्द्धन कार्यक्रम अन्तरगत खायन आलु कार्यक्रम संचालनका लागि पहाडी क्षेत्रमा न्युनतम ३ हेक्टर र तराई क्षेत्रमा न्यूनतम ५ हेक्टर क्षेत्रफल भएको क्लष्टरमा संचालन गर्नु पर्नेछ। क्लस्टरमा प्रति किसान पहाडी क्षेत्रमा न्यूनतम २ रोपनी र तराईमा ५ कठ्ठा क्षेत्रफल हुनु पर्नेछ। कार्यक्रममा उन्नत जातको आलुको बीउ खरिद तथा ढुवानी, बाली संरक्षण सामाग्री खरिद, सिचाई व्यवस्थापन, जग्गा तयारी तथा आलु रोपण तथा आलु प्याकेजिङ्ग सम्बद्ध यन्त्र उपकरण खरिद सकिनेछ ।



प्रदेश सरकार कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश बिराटनगर, नेपाल

प्रदेश सचिव

मुख्यमन्त्री

बीउ आलु उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि न्यूनतम १ हेक्टर क्षेत्रफलको क्लस्टरमा प्रति किसान १ रोपनी वा १.५ कट्ठा क्षेत्रफल हुनुपर्नेछ ।कार्यक्रममा आलुको पुर्व मूल बीउ, श्रोत बीउ वा प्रमाणित पुरस्ताको बीउ खरिद तथा ढुवानी, बाली संरक्षण सामाग्री खरिद, सिचाई व्यवस्थापन, जग्गा तयारी तथा आलु रोपण तथा आलु प्याकेजिङ्ग सम्बद्ध यन्त्र उपकरण खरिद सकिनेछं ।

## २४. तरकारी खेती प्रवर्द्धन कार्यक्रम/ तरकारी पकेट विकास कार्यक्रम

यस कार्यक्रम अन्तर्गत स्थानीय तहले तराईमा न्यूनतम १० हेक्टर र पहाडमा ५ हेक्टर क्षेत्रफलको क्लस्टरमा प्रति किसान तराईमा न्यूनतम ३ कट्ठा, पहाडमा २ रोपनीमा तरकारी खेती प्रवर्द्धन गर्नुपर्नेछ । कार्यक्रम अन्तरगत उन्नत वीउ, बाली संरक्षण सामाग्री, खनजोत गर्ने यन्त्र उपकरण, सिचाई व्यवस्थापन, प्लाष्टिक घर निर्माणका लागि सिलपाउलीन प्लाष्टिक, मल्चिङ्ग प्लाष्टिक खरिद आदिमा सहयोग र स्थलगत तालिम जस्ता क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।

## २५. अलैची खेती प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत स्थानीय तहले न्यूनतम २ हेक्टर क्षेत्रफलको क्लस्टरमा प्रति किसान न्यूनतम २ रोपनीमा अलैची खेती रोपण गर्नुपर्नेछ । कार्यक्रम अन्तरगत अलैचीको उन्नत विरुवा, बाली संरक्षण सामाग्री, सिचाई व्यवस्थापन, सुधारिएको अलैची सुकाउने भट्टी खरिद जस्ता क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।

## २६. तेलहन वाली प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत उन्नत प्रविधि अवलम्बन गरी तोरी खेतीका लागि उन्नत बीउ खरिद तथा ढुवानी, तोरी प्रसोधन थ्रेसर खरिद, तोरी प्रसोधन गरी तेल निकाल्ने तथा ब्रान्डिङ्ग प्याकेजिङ्ग गर्ने मेशनरी यन्त्र उपकरण खरिद आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ। यो कार्यक्रम स्थानीय तहले आफ्नो स्थानीय तहको निश्चित क्षेत्र वा क्लस्टर लक्षित गरि संचालन गर्नुपर्नेछ ।

## २७. दलहन उत्पादन प्रवर्द्धन कार्यक्रम

कार्यक्रम संचालनका लागि पहाडी क्षेत्रमा न्युनतम ३ हेक्टर र तराई क्षेत्रमा न्यूनतम ५ हेक्टर क्षेत्रफल भएको क्लष्टरमा संचालन गर्नु पर्ने। प्रति किसान पहाडी क्षेत्रमा न्यूनतम २ रोपनी र तराईमा ५ कट्ठा क्षेत्रफल हुनु पर्नेछ ।कार्यक्रमबाट उन्नत जातको बीउ खरिद तथा ढुवानी, बाली संरक्षण सामाग्री खरिद, जग्गा तयारी, थ्रेसिङ्ग, प्रसोधन र प्याकेजिङ्ग सम्बद्ध यन्त्र उपकरण खरिद गर्न सकिनेछ ।

## २८. मकैखेती प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तरगत स्वदेशी उन्नत/वर्णशंकर जातका मकैको खायन तथा बीउ उत्पादन गर्ने, मकैखेतीको लागि बीउ खरिद, सिचाई व्यवस्थापन, मकै रोप्ने, गोडने तथा छोडाउने यन्त्र उपकरण खरिद, स्वदेशी मकैका जातहरुको उत्पादन प्रदर्शन जस्ता क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ । यस कार्यक्रमका लागि पालिकाले निश्चित क्षेत्र तोकेर क्लस्टरमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

## २९. व्यवसायिक फलफूल विस्तार कार्यक्रम (सुन्तला/कागती/ केरा/आँप/लिची/किवी/एभोकाडो)

यस कार्यक्रम अन्तर्गत स्थानीय तहले निश्चित क्षेत्र अथवा क्लस्टर छनोट गरि प्रति किसान न्यूनतम पहाडमा २ रोपनी र तराईमा ३ कट्ठा क्षेत्रफलमा व्यवसायिक फलफूल बगैचा स्थापना गर्नुपर्नेछ । कार्यक्रम अन्तर्गत उन्नत जातको फलफूल विरुवा खरिद तथा ढुवानी, बगैचामा सिचाई व्यवस्थापन, बगैचा स्थापनाका लागि आवश्यक साना यन्त्र उपकरण खरिद आदि क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।



प्रदेश सरकार भूमि तथा सहकारी मन्त्रालय ... प्रदेश ... नगर, नेपाल

प्रदेश सचिव

मुख्यमन्त्री

### ३०. व्यवसायिक केरा खेती

यस कार्यक्रम अन्तर्गत स्थानीय तहले निश्चित क्षेत्र अथवा क्लस्टर छनोट गरि व्यवसायिक केरा बगैचा स्थापना गर्नुपर्नेछ । कार्यक्रम अन्तर्गत उन्नत जातको केराको विरुवा खरिद तथा ढुवानी, बगैचामा सिचाई व्यवस्थापन, बगैचा स्थापनाका लागि आवश्यक साना यन्त्र उपकरण खरिद आदि कियाक्लापहरु संचालन गर्न सकिनेछ ।

### ३१. कफी खेती प्रवर्द्धन कार्यक्रम/ कफी खेती विस्तार कार्यक्रम

यस कार्यक्रम अन्तरगत स्थानीय तहमा ब्यवसायिक कफी क्षेत्र विस्तार, कफीको लागि छहारी व्यवस्थापन, सिचाई ब्यवस्थापन, उत्पादित कफीको प्रसोधन तथा बजारिकरणका लागि यन्त्र उपकरण खरिद आदि क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।ब्यवासायिक कफी खेती प्रवर्द्धनका लागि प्रति किसान न्यूनतम २ रोपनी र प्रतिक्लस्टर ३ हेक्टर क्षेत्रफल हुनपर्नेछ ।क्लस्टरमा छनोट भएका किसानलाई कफी बिरुवा खरिद, छहारी ब्यवस्थापनका लागि बीउ/बिरुवा खरिद, सिचाई ब्यवस्थापन र ब्यवसायिक उत्पादन भै रहेको स्थानमा कफी प्रसोधन तथा बजारिकरणका लागि आवश्यक यन्त्र उपकरण खरिदमा सहयोग उपलब्ध गराउन सकिनेछ ।कफीको विरुवा रोपण, तालिम आदि राष्ट्रिय चिया तथा कफी विकास बोर्डले सिफारिस गरेको मापदण्ड अनुसार हुनुपर्नेछ ।

### ३२. चिया खेती विस्तार कार्यक्रम

यस कार्यक्रम अन्तरगत स्थानीय तहमा ब्यवसायिक चिया क्षेत्र विस्तार, चियाको लागि छहारी ब्यवस्थापन, सिचाई ब्यवस्थापन आदि क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।ब्यवासायिक चिया खेती प्रवर्द्धनका लागि प्रति किसान न्यूनतम २ रोपनी र प्रति क्लस्टर ३ हेक्टर क्षेत्रफल हुनपर्नेछ ।क्लस्टरमा छनोट भएका किसानलाई चियाका बिरुवा खरिद, छहारी ब्यवस्थापनका लागि बीउ/बिरुवा खरिद, सिचाई ब्यवस्थापनमा सहयोग उपलब्ध गराउन सकिनेछ ।चियाको विरुवा रोपण, तालिम आदि राष्ट्रिय चिया तथा कफी विकास बोर्डले सिफारिस गरेको मापदण्ड अनुसार हुनुपर्नेछ ।

### ३३. वेसार उत्पादन प्रवर्द्धन कार्यकम

यस कार्यकम अन्तर्गत उन्नत प्रवधि अवलम्बन गरि बेसार खेती गर्न उच्च उत्पादन दिने बेसारको बीउ खरिद तथा ढुवानी, वेसार प्रसोधन, ब्राण्डिङ्ग प्याकेजिङ्ग लागि आवश्यक यन्त्र उपकरण खरिद आदि कियाकलापहरु संचालन गर्न सकिनेछ ।

### ३४. सुपारी उत्पादन प्रवर्द्धन कार्यकम

कार्यक्रम सञ्चालनका लागि स्थानीय तहले निश्चित क्षेत्रलाई क्लस्टरको रुपमा तोक्नु पर्नेछ।क्लस्टरमा रहेका किसान न्यूनतम २ रोपनी क्षेत्रफलमा हुनुपर्नेछ ।कार्यक्रमबाट सुपारीको विरुवा खरिद तथा ढुवानी, बगैचाका लागि सिचाई ब्यवस्थापन र स्थापित बगैचा भएको क्षेत्रमा सुपारी प्रशोधन यन्त्र उपकरण खरिद गर्न सकिनेछ।

### ३५. गुलाब खेती प्रवर्द्धन कार्यकम

यस कार्यक्रम अन्तर्गत गुलाब खेतीका लागि आवश्यक उन्नत जातको बिरुवा/कटिङ्ग खरिद, यन्त्र तथा औजार खरिद, नर्सरी स्थापना, समुदायस्तरमा तालिम तथा संभाव्यताका लागि विशेषज्ञ सेवा खरिद, तालिम र गुलाबको बजारिकरण सम्बन्धी क्रियाकलाप संचालन गर्न सकिनेछ ।



प्रदेश सरकार, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, विराटनगर, नेपाल

प्रदेश सचिव मुख्यमन्त्री

३६. कपास खेती प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत उन्नत प्रवधि अवलम्बन गरि कपास खेती गर्न कपासको बीउ खरिद, कपास प्रसोधन, ब्राण्डिङ्ग कपासबाट कपडा बनाउनका लागि आवश्यक यन्त्र उपकरण खरिद आदि कियाकलापहरु संचालन गर्न सकिनेछ ।

३७. स्यालो ट्युबवेल तथा मोटर जडान/ संरक्षित कृषि प्रवर्द्धनका लागि सिचाई ब्यवस्थापन

यस कार्यक्रम अन्तर्गत सिंचाई प्रयोजनका लागि बोरिङ्ग गर्ने र पानी तान्ने मोटर जडान गर्ने सम्बन्धि क्रियाकलापहरु पर्दछ। कार्यक्रम अन्तर्गत एउटा मोटर बोरिङ्गले न्यूनतम ३ हेक्टर क्षेत्रफलमा सिचाई गरेको हुनुपर्नेछ । संरक्षित कृषि प्रवर्द्धनका लागि सिंचाई ब्यवस्थापन गर्न स्यालो ट्युबवेल तथा मोटर जडान गर्न सकिनेछ ।

३८. गह्रासुधार तथा चक्लाबन्दी खेती प्रवर्द्धन

यस कार्यक्रम अन्तर्गत व्यवसायिक उत्पादनका लागि यन्त्र उपकरणको प्रयोग अभिवृद्धि गर्न स-साना आकारका गह्रा सुधार गरी जमिनका ठुला चक्लाहरुको स्थापना गर्नुपर्नेछ। यसका लागि जग्गाको चक्लाको आकार न्यूनतम दुई कठ्ठाको हुनुपर्नेछ। जग्गाको प्रकृति अनुसार गह्रा सम्याउनका लागि स्थानीय तहले लागत स्टमेट तयार गरि किसानको न्यूनतम पच्चीस प्रतिशत लागत सहभागिता हुने गरी गह्रा सुधार खर्च उपलब्ध गराउनुपर्नेछ । गह्रा सुधार गर्दा संभव भएसम्म ल्यान्ड लेभलरको समेत प्रयोग गर्नुपर्नेछ। गह्रासुधार गरिएको क्षेत्रमा संभाव्यता अनुसार सतह सिचाई अथवा भूमिगत सिचाईको पुर्वाधार समेत निर्माण गर्न सकिनेछ । गह्रा सुधार पश्चात व्यवसायिक बाली उत्पादनको कार्य स्थानीय तह आफैले संचालन गर्नुपर्नेछ ।

३९. कृषि यन्त्रिकरण प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत भौगोलिक अवस्था र स्थानीय आवश्यकता अनुसार खेतीपातीका लागि जग्गा तयारी, बाली रोप्ने, बाली काटने, थ्रेसिङ्ग गर्ने, प्रसोधन गर्ने, फलफूलबाली काँटछाँट गर्ने तथा झार्ने, ट्रायक्टरका एट्याचमेन्ट, चाफ कटर लगायतका यन्त्र औजार, उपकरण खरिद तथा वितरण गर्ने सकिनेछ।

४०. कष्टम ह्यारीङ्ग सेन्टर स्थापना

यस कार्यक्रम अन्तर्गत देहाय अनुसारका कियाकलापहरु संचालन गर्न सकिनेछ ।

(क) कृषि यन्त्र उपकरण राख्नको लागि आवश्यक भौतिक पुर्वाधार सेड/टहरो निर्माण गर्ने

(ख) जग्गा सम्याउने, जग्गा जोत्ने, तयारी गर्ने, बाली रोप्ने, बाली काटने, झार नियन्त्रण गर्ने, थ्रेसिङ्ग गर्ने, प्रसोधन गर्ने लगायतका यन्त्र उपकरण र औजार लगायत एट्याचमेन्टहरु खरिद

(ग) कष्टम ह्यारिङ्ग सेन्टर दिगो रुपमा संचालन बिधि तयार गरि समुदायमा सहुलियत दरमा कृषि यन्त्र, उपकरण उपलब्ध गराउनु पर्नेछ।

४१. धान रोप्ने चार चक्के मेशिन (राईस ट्रान्सप्लान्टर) खरिद

यस कार्यक्रम अन्तरगत तराई क्षेत्रमा चार चक्के मेशिनको प्रयोग गरेर धान रोपाई गर्न धान रोप्ने चार चक्के मेशिन (राईस ट्रान्सप्लान्टर) खरिद गरी पालिका आफैले वा कृषक समूह सहकारी मार्फत भाडा दर तोकि मेशिनको प्रयोग मार्फत धान रोपाईमा यान्त्रिकिकरण प्रवर्द्धन गर्नुपर्नेछ ।

प्रदेश सरकार कृषि तथा सहकारी मन्त्रालय ... प्रदेश ...नगर, नेपाल



प्रदेश सचिव    मुख्यमन्त्री

## ४२. प्राङ्गारीक मल उत्पादन पुर्वाधार निर्माण

यसं कार्यक्रम अन्तर्गत प्राङ्गारीक मल उत्पादन सम्बद्ध पुर्वाधार (टहरो सेड) निर्माण, प्राङ्गारीक मल उत्पादन तथा प्याकिङ्ग गर्ने यन्त्र उपकरणहरु खरिद गर्न सकिनेछ ।

## ४३. कृषि बजार निर्माण कार्यकम/ संकलन केन्द्र निर्माण

यस कार्यकम अन्तर्गत कृषि बजार सम्बद्ध पुर्वाधारहरुको निर्माण तथा स्तरोन्नतीमा खर्च गर्नुपर्नेछ ।
कार्यक्रम अन्तरगत पालिकाको सशर्त स्वीकृत कार्यक्रम अनुसार देहायका कृषि बजार सम्बन्धि कार्यहरु गर्न सकिनेछ ।

(क) कृषि बजार/हाटबजार नँया टहारा निर्माण, पशु हाटबजारमा नँया टहरा निर्माण,
(ख) सञ्चालनमा रहेका कृषि बजार तथा संकलन केन्द्र पुर्वाधारको स्तरोन्नती
(ग) विगतमा शुरुवात भएका कृषि बजार/संकलनकेन्द्रको निर्माण निरन्तरता

## ४४. कृषि उपज बजारिकरण प्रवर्द्धन कार्यक्रम

यस कार्यक्रम अन्तरगत स्थानीय तहमा उत्पादन भएका विभिन्न कृषि उपजहरुको स्थानीय रुपमा नै उपभोग प्रवर्द्धन तथा अन्यत्र विक्री वितरणका लागि स-सानो उत्पादनलाई संकलन गरी ग्रेडिङ्ग, प्याकेजिङ्ग तथा भण्डारण गरी बजारिकरण प्रवर्द्धन गर्नुपर्नेछ ।कार्यक्रम अन्तरगत पालिकाका संभाव्य स्थानमा सामुदायिक विक्री केन्द्र स्थापनाका लागि आवश्यक ब्यवस्थापकिय सामाग्री, यन्त्र उपकरण, कृषि उपजलाई ताजा राख्न चिस्यान ब्यवस्थापन गर्ने कोल्ड रुम, रेफ्रिजिरेटर, ग्रेडिङ्ग, प्याकेजिङ्ग र ब्रान्डिङ्ग सम्बद्ध उपकरण तथा सामाग्री खरिदका साथै उपभोक्ता सचेतनाका लागि प्रचार प्रसार कार्यक्रम सन्आलन गर्नुपर्नेछ ।

## ४५. फलफूल तथा तरकारी थोक बजार ब्यवस्थापन तथा संचालन

यस कार्यक्रम अन्तर्गत फलफूल तथा तरकारी थोक बजार सञ्चालनका लागि विगतमा उक्त बजारको विद्युत महशुल तथा जरीवाना, नियमित विद्युत महशुल, पानी, अन्य ब्यवस्थापकिय सामाग्री खरिद तथा साना पुर्वाधार निर्माण, पुर्वाधारहरुको सुदृढीकरण सम्बन्धी क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

## ४६. कृषि उपज प्रसोधनका लागि मेशिनरी खरिद

यस कार्यक्रम अन्तर्गत स्थानीय तहहरुमा सशर्त अनुदानको रुपमा स्वीकृत रहेका कृषि उपजहरु प्रसोधनका लागि. आवश्यक मेशिनरी उपकरण खरिद तथा जडान सम्बद्ध कार्यहरु गर्न सकिनेछ । कार्यक्रम अन्तरगत पालिकाको सशर्त स्वीकृत कार्यक्रम अनुसार देहायका मेशिनरी खरिद तथा जडान गर्न सकिनेछ ।

(क) अकबरे खुर्सानी ड्राइड मेशिनरी
(ख) मोरिङ्गा पाउडर उत्पादन मेशिनरी
(ग) गुन्द्रुक प्रशोधनका लागि ड्रायर र रोलर
(घ) अन्य कृषि उपज प्रसोधन सम्बन्ध यन्त्र उपकरण

प्रदेश सरकार कृषि तथा सहकारी मन्त्रालय प्रदेश विराटनगर, नेपाल



प्रदेश सचिव

मुख्यमन्त्री

४७. चिया परीक्षण तथा प्रवर्द्धन केन्द्र संचालन सहयोग कार्यक्रम

यस कार्यक्रम अन्तरगत निर्माण सम्पन्न भएको चिया परीक्षण तथा प्रवर्द्धन केन्द्र संचालनका लागि आवश्यक यन्त्र उपकरण, व्यवस्थापकिय सामाग्रीहरु खरिद तथा व्यवस्थापन गर्न सकिनेछ ।

४८. चिया प्रसोधन यन्त्र उपकरण र पुर्वाधार निर्माण कार्यक्रम

यस कार्यक्रम अन्तरगत चिया उत्पादक सहकारी संस्थाले चिया प्रसोधन पुर्वाधार निर्माण, चिया प्रसोधनका लागि आवश्यक यन्त्र उपकरण खरिद तथा जडान गर्नुपर्नेछ ।

४९. सहकारी संस्थाको भवन सुदृढीकरण

यस कार्यक्रम अन्तरगत सहकारीसंस्थाको आफ्नै नाममा रहेको भवन सुदढीकरण गर्नुपर्नेछ ।भवन सुदढीकरण गर्दा सहकारीका सदस्यले उत्पादन गरेको स्थानीय कृषि उत्पादनको संकलन,प्रसोधन, भण्डारण र बजारिकरण प्रवर्द्धन हुने विषयलाई महत्व दिनुपर्नेछ।

५०. कोल्ड रुम जडान

यस कार्यक्रम अन्तरगत ताजा तरकारी, फलफूल तथा दूधजन्य पदार्थहरु भण्डारण गर्न कोल्ड रुम/ कोल्ड च्याम्बर निर्माण/जडान गर्नुपर्नेछ । यसरी कोल्ड रुम/ कोल्ड च्याम्बर निर्माण/जडान गर्दा सार्वजनिक जग्गा वा सहकारी संघ/संस्थाको आफ्नै जग्गामा जडान गर्नुपर्नेछ ।

५१. सहकारी संस्थामा आवद्ध महिलालाई सीपमुलक तालिम कार्यक्रम

यस कार्यक्रम अन्तरगत सहकारी संस्थामा आवद्ध महिलालाई स्थानीय माग र बजार संभाब्यताका आधारमा सीपमुलक तालिमको आयोजना र तालिमका लागि आवश्यक पर्ने प्रविधि, यन्त्र उपकरण तथा अन्य व्यवस्थापकिय सामाग्री आदि खरिद गर्न सकिनेछ ।

५२. सहकारी संस्थामा आवद्ध महिलालाई मसला प्रसोधन उद्योग संचालन

यस कार्यक्रम अन्तरगत सहकारी संस्थाले आफ्ना सदस्यहरुबाट उत्पादित मसालाबालीका अतिरिक्त अन्य मसलाबालीको प्रयोग गरी मसला उद्योग स्थापनाका लागि आवश्यक पर्ने पुर्वाधार,यन्त्र उपकरण, मेशिनरी खरिद तथा जडान गर्न सकिनेछ । मसला उद्योग सहकारी संस्थाको आफ्नो नाम भएको जग्गामा निर्माण गर्नुपर्नेछ ।

५३. साबुन उद्योगका लागि यन्त्र उपकरण खरिद

यस कार्यक्रम अन्तरगत स्थानीय कृषि उपज तथा कृषि उपज प्रसोधन गरी प्राप्त हुने कच्चा पदार्थ प्रयोग गरी साबुन बनाउने उद्योगका लागि आवश्यक पर्ने यन्त्र, उपकरण, मेशिनरी खरिद तथा जडान गरी उद्योग स्थापना गर्नुपर्नेछ ।

प्रदेश सचिव मुख्यमन्त्री

## शशर्त अनुदानको प्रगति सम्प्रेषण फाराम

| क. स. | कार्यक्रमको नाम | विनियोजित बजेट रु हजारमा | खर्च रकम रु हजारमा | सञ्चालित मुख्य कृयाकलापहरु | उपलब्धि |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | | | | | |
| | कुल जम्मा | | | | |

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रदेश सचिव

मुख्यमन्त्री